**ध्यान दिनुपर्ने कुराहरू (विदेशी नागरिकहरूको लागि नि: शुल्क कानुनी परामर्श सेवाबारे)**

1 यस केन्द्रमा फुकुओका जिल्ला अधिवक्ता संघबाट अधिवक्तालाई निमन्त्रणा गरिने हुनाले, यहाँ पठाइने अधिवक्ताहरू हरेक पटक फरक हुन्छन्।

2 अधिवक्ता निर्दिष्ट गर्न सकिँदैन।

आवेदन अघि निम्न विवरणहरू निश्चय गर्नुहोस्।

1 परामर्श विवरणबारे

आवेदन फारममा विस्तृत रूपमा जानकारी नलेखिएको खण्डमा वा हाम्रो केन्द्रद्वारा गरिने सोधपुछको जवाफ नदिएको खण्डमा, अधिवक्ता पक्षले तयारी गर्न नसक्ने हुनाले परामर्शको दिन पर्याप्त जवाफ प्राप्त गर्न नसक्ने अवस्थाहरू पनि हुन सक्छन्।

2 नाम लेखाए पछि

आवेदन फाराम प्राप्त भएपछि, आयोजना मितिको 6 दिन अघि～4 दिन अघिसम्मको अवधिमा यहाँबाट पुनः निश्चय गर्नको लागि फोन गरिनेछ। (फोन नभएको खण्डमा इमेल आदिद्वारा सम्पर्क गरिनेछ)। पुनः निश्चयको फोन सम्पर्क हुन नसकेमा वा इमेलको जवाफ नपठाएमा, तपाईंको नाम रद्द हुनेछ। अचानक बिरामी जस्ता कुनै बाध्यताले गर्दा आउन नसक्ने भएको खण्डमा, शीघ्र यस केन्द्रमा सम्पर्क गर्नुहोस्।

पुनः निश्चयको सम्पर्क पछि रद्द गरेको खण्डमा, त्यसपछिको 2 महिना नयाँ आवेदकलाई प्राथमिकता दिइनेछ।

3 परामर्श लिने दिन

एक पटकको परामर्शको समय 60 मिनेट हो। परामर्श सुरु गर्ने समय ढिला भएको अवस्था लगायत कुनै पनि अवस्थाहरूमा समाप्त हुने समय लम्ब्याउन सकिनेछैन।

साथै फोन दोभासे मार्फत परामर्श लियो भने सोचेको भन्दा लामो समय लाग्छ तर समाप्त हुने समय लम्ब्याउन सकिनेछैन।

4 परामर्श पछि

धेरै मान्छेहरूलाई सेवा प्रदान गर्नको लागि, सामान्यतया, एक पटक यो सेवा प्रयोग गरेपछि 2 महिना नबितेसम्म फेरि यो सेवा प्रयोग गर्न सकिँदैन।

**सार्वजनिक लाभ सम्मिलित संस्था फुकुओका जिल्ला अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र**